काँक्रेविहार
Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२

२ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १४० ❐ मंगलवार, १२ फागुन, २०८२ ❐ Tuesday, 3 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

'भ्रममा नपरेर ढुक्कले मतदान गर्नुहोस्'



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले सामाजिक सञ्जाल र केही आमसञ्चार माध्यममार्फत तथ्यहीन सामग्री तथा भ्रामक प्रचार फैलाएर वातावरण बिथोल्ने प्रयास भइरहेको भन्दै त्यस्ता गतिविधिलाई सरकारले निगरानीमा राखेको बताइन् ।

देशबासीका नाममा सम्बोधन गर्दै उनले भ्रममा नपर्न र जिम्मेवारीपूर्वक आगामी निर्वाचनमा सहभागी हुन आग्रह गरिन् । उनले सरकारबाट कुनै पनि प्रकारको दण्डहीनतालाई प्रश्रय नदिइने स्पष्ट पार्दै कानुन अनुसार आवश्यक कारबाही गर्न सरकार पछि नहट्ने बताइन् । कानुनको शासन स्थापित गर्ने विषयमा सरकार दृढ रहेको उनको भनाई छ ।

निर्वाचनकै पूर्वसन्ध्यामा पर्ने होली पर्वको अवसरमा देश तथा विदेशमा रहेका नेपालीलाई शुभकामना दिँदै उनले रङ्गहरूको पर्वले एकता, सद्भाव र उत्साहको सन्देश दिने उल्लेख गरिन् । निर्वाचन र होलीको अवसरले देशमा नयाँ ऊर्जा र सकारात्मक वातावरण सिर्जना गर्ने विश्वास पनि उनले व्यक्त गरिन् ।

फागुन २१ गते हुने मतदानलाई ऐतिहासिक अवसरका रूपमा उल्लेख गर्दै उनले नागरिकले आफ्नो र देशको भविष्य निर्धारण गर्ने दिन भएको बताइन् । जेनजी आन्दोलनपछिको जटिल संक्रमणकालीन अवस्थाबाट मुलुक क्रमशः स्थायित्वतर्फ अघि बढेको दाबी गर्दै उनले संविधान र विधिको शासनको मार्गमा अघि बढ्न सफल भएको उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले मतदानलाई केवल उम्मेदवार छान्ने प्रक्रिया नभई आगामी पुस्ताको भविष्य तय गर्ने निर्णयका रूपमा व्याख्या गरेकी हुन् । बिहीबार अरू काम छाडेरै भए पनि मतदान केन्द्रमा पुगेर मतदान गर्नुहोस् उनले आग्रह गरिन् ।

साथै निर्वाचन अवधिभर शान्ति, संयम र अनुशासन कायम राख्न सबैमा अपिल गरिन् । उनले निर्वाचनमा सहभागी सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारलाई धन्यवाद दिँदै लोकतन्त्र सुदृढ बनाउन सक्रिय भूमिकाको प्रशंसा गरेकी छन् । मौन अवधिमा पूर्ण अनुशासन पालना गर्न र प्रचारका क्रममा एक-अर्काप्रति सम्मानजनक व्यवहार गर्न पनि आग्रह गरिन् ।

निर्वाचन तयारीमा खटिएको निर्वाचन आयोग, सुरक्षा निकाय र राष्ट्रसेवक कर्मचारीप्रति आभार व्यक्त गर्दै उनले निष्पक्ष, स्वच्छ र भयरहित निर्वाचन सम्पन्न गराउन सरकार प्रतिबद्ध रहेको दोहोऱ्याइन् । प्रदेश र स्थानीय तहको सहयोग तथा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त साथप्रति पनि कृतज्ञता व्यक्त गरिन् ।

मध्यपूर्व क्षेत्रमा बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै उनले त्यहाँ रहेका नेपालीको सुरक्षालाई सरकारले उच्च प्राथमिकतामा राखेको बताइन् । विदेशमा रहेका नेपालीको सुरक्षा र हितप्रति सरकार सधैं संवेदनशील रहने प्रतिबद्धता जनाइन् । सम्बोधनको अन्त्यमा आफ्नो कार्यकाललाई मातृभूमिप्रतिको जिम्मेवारीका रूपमा लिएको उल्लेख गर्दै केही दिनपछि देशको नेतृत्व जनर्निवाचित प्रतिनिधिको हातमा जाने उनले बताइन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

मौन अवधि सुरू :

चुनावी प्रचारप्रसारका गतिविधिमा निषेध

"मौन अवधि प्रारम्भ भएसँगै सबै प्रकारका चुनावी प्रचारप्रसारका गतिविधि निषेध गरिएको छ । निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १८ फागुन

यही फागुन २१ गते अर्थात बिहीबार प्रतिनिधि सभा सदस्य निर्वाचन हुदैछ । प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि गए राति १२:०० बजेदेखि मौन अवधि सुरु भएको छ ।

मौन अवधि प्रारम्भ भएसँगै सबै प्रकारका चुनावी प्रचारप्रसारका गतिविधि निषेध गरिएको छ । निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

साथै जिल्ला आचारसंहिता अनुगमन समितिलाई आवश्यक जनशक्ति तथा संयन्त्र परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता २०७९ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्यहरू हुन नदिन र उल्लंघन भएमा प्रचलित कानुनअनुसार तत्काल कारबाही गरी आयोगलाई जानकारी गराउन भनिएको छ ।

निर्वाचन आचारसंहिताले मौन अवधिभर कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ । यही सन्दर्भमा निर्वाचन आयोगले सबै राजनीतिक दल, उम्मेदवार र सरोकारवालालाई आचारसंहिता अक्षरशः पालना गर्न पुनः स्मरण गराएको छ ।

दल र उम्मेदवारका लागि यो अवधि आफ्नो राजनीतिक संस्कार देखाउने अवसर भएको भन्दै चुनावी प्रतिस्पर्धा अब मतदाताको विवेकमा सुम्पिनुपर्ने आयोगले जनाएको छ । यसैगरी मतदानको मितिभन्दा सात दिन अघिदेखि अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थको बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाइएको जिल्ला प्रशासन कार्यालय सुर्खेतले जनाएको छ ।

प्रशासनका अनुसार मतदानको दिन अत्यावश्यक सेवाका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाइने *बाँकी पृष्ठ ३*



स्वास्थ्यकर्मी तयारी अवस्थामा रहने

निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी र औषधि तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ । सोही अनुसार अब निर्वाचनका दिन स्वास्थ्यकर्मी तयारी अवस्थामा रहने भएका छन् ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकार तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गरेको जनाएको छ । मतदाताको सार्थक सहभागिता सुनिश्चित गर्न मतदानको दिनभन्दा अघि र पछि गरी तीन दिन सार्वजनिक विदा दिन आयोगले गरेको सिफारिस नेपाल सरकारबाट स्विकृती गरेको छ ।

मतदान प्रक्रिया व्यवस्थित रूपमा सञ्चालन गर्न आयोगले मतदान केन्द्र कायम गरिएका शिक्षण संस्था, स्वास्थ्य चौकी, वडा कार्यालयलगायत सरकारी संरचना र तिनमा रहेका भौतिक सम्पत्ति फागुन १९ देखि २१ गतेसम्म उपयोग गर्नेछ । यसबारे सम्बन्धित मन्त्रालय र स्थानीय तहसँग समन्वय गरिएको आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले जानकारी दिए । यस सम्बन्धमा गृह मन्त्रालयमार्फत सम्बन्धित निकायमा पत्राचार भइसकेको उनले बताए ।

'सबै मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सहायता सेवा उपलब्ध गराइनेछ' उनले भने, 'यसबारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई निर्देशन दिइएको छ ।'

साथै अत्यावश्यक तथा आपतकालीन उपचार सेवा सुचारु राख्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लागिपरेका छन् । दुबै मन्त्रालयले देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा आवश्यक तयारी मिलाउन पत्राचार समेत गरेका छन् ।

आयोगले आवश्यक सहयोग र समन्वयका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई आग्रह गरेको छ । मतदानको प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गर्न/गराउनका लागि तहगत सरकार र सरोकारवालासँगको सहकार्यको अवधारण अनुरुप आयोग अघि बढेको हो ।

कूटनीतिक निकायलाई जानकारी

प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी र पर्यवेक्षणको व्यवस्थाका सम्बन्धमा काठमाडौंस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूलाई निर्वाचन आयोगले जानकारी गराएको छ ।

सो क्रममा छोटो समयमा निर्वाचन तयारी अन्तिम चरणमा पुग्याएकोमा कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूले खुसी व्यक्त गरेका छन् । निर्वाचन तयारीका विविध पक्ष तथा पर्यवेक्षण अनुमतिलगायत बिषयमा उनीहरुबाट जिज्ञासा प्राप्त भएको आयोगले जनाएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगले राष्ट्रियतर्फका ३९ वटा र अन्तर्राष्ट्रियतर्फ ४ वटा गरी ४३ संस्थालाई पर्यवेक्षण अनुमति प्रदान गरेको छ । अनुमति पाएका संस्थाका प्रतिनिधिहरूलाई अभिमुखीकरण सम्पन्न गरी करिब चार हजार पाँच सय जना पर्यवेक्षकका लागि परिचयपत्र जारी भइसकेको छ ।

यस्तै आम मतदाता तथा सरोकारवालाको निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि आयोगले माघ ५ गतेदेखि सञ्चालनमा ल्याएको कल सेन्टरमा टेलिफोन र भ्वाइस मेलसमेत गरी चार हजार ३८ वटा जिज्ञासा तथा प्रश्नहरू प्राप्त भएका छन् । प्राप्त जिज्ञासामध्ये मतदाता नामावलीसँग सम्बन्धित एक हजार ९५८, निर्वाचन आचारसंहितासँग सम्बन्धित ३८६, मतदाता शिक्षा सम्बन्धित १५७ र अन्य एक हजार १११ रहेका छन् । कूल जिज्ञासामा ४२६ भ्वाइस मेल रहेका छन् ।

आयोगका सचिवको नेतृत्वमा निर्वाचनसम्बन्धी समग्र समन्वय एवम् व्यवस्थापनका लागि केन्द्र स्थापना गरी कार्यान्वयनमा रहेको छ । केन्द्रमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र आयोगका प्रथम श्रेणीका अधिकृतहरुको प्रतिनिधित्व रहेको छ ।

मतदान अधिकृतलाई निर्वाचन सामग्री बुझाइयो

❐ काँक्रेबिहार संवाददाता
बैतडी, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीका २१५ वटै मतदान केन्द्रमा खटिने मतदान अधिकृतले आवश्यक सामग्री बुझेका छन् ।

निर्वाचन सामग्रीसहित कर्मचारी सोमबार सम्बन्धित मतदान केन्द्रतर्फ प्रस्थान गरेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी नरेश दयालले जानकारी दिए । उनका अनुसार मतदान केन्द्रमा पुगेपछि मतदानस्थल व्यवस्थापन, मतपेटिका र मतपत्रको सुरक्षा तथा मतदाता नामावली परीक्षण लगायतका तयारी सुरु गरिने जनाइएको छ ।

दुर्गम भूगोल भएका केन्द्रमा समयमै पुगेर आवश्यक व्यवस्था मिलाउन कर्मचारीलाई अग्रिम रूपमा पठाइएको कार्यालयले जनाएको छ । निर्वाचनका लागि छनोट गरिएका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई दुई दिनसम्म विशेष तालिम प्रदान गरिएको थियो । तालिममा मतदान प्रक्रिया, मतपत्र व्यवस्थापन, सुरक्षा सतर्कता तथा निर्वाचन आचारसंहिता सम्बन्धी विषयमा सहजीकरण गरिएको थियो ।



मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जिल्लामा निर्वाचन सम्पन्न गर्न कुल एक हजार २८८ जना कर्मचारी खटाइएको छ । प्रत्येक स्थायी मतदान केन्द्रमा तीन जना कर्मचारी रहने व्यवस्था मिलाइएको छ । बैतडीमा एक निर्वाचन क्षेत्र रहेको छ, भने ११ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । जिल्लामा कुल एक लाख ५६ हजार ३७२ मतदाता रहेका छन् ।

जसमध्ये ७८ हजार ९८७ पुरुष, ७७ हजार ३८३ महिला र दुई जना अन्य मतदाता छन् । यस्तै दुई हजार ७० जना अस्थायी मतदाता रहेका छन् । प्रमुख जिल्ला अधिकारी कृष्ण थापाका अनुसार बैतडीका ३३ मतदान केन्द्र अति संवेदनशील, २८ मतदान केन्द्र संवेदनशील र ६८ मतदान केन्द्र सामान्य अवस्थाका छन् । निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न आवश्यक सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

मतदान केन्द्रमा खटिए कर्मचारी

❐ काँक्रेबिहार संवाददाता
कोहलपुर, १८ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बाँकेका मतदान केन्द्रहरूमा खटिएका कर्मचारीहरूले सोमबार निर्वाचन सामग्री बुझेका छन् ।

जिल्ला निर्वाचन कार्यालय बाँकेका अनुसार जिल्लाका ४०३ मतदान केन्द्रमा खटाइएका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई निर्वाचन सामग्री वितरण गरी सम्बन्धित मतदान केन्द्रतर्फ पठाइएको छ । कार्यालय प्रमुख टेकबहादुर शाहीले यसअघि मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतका कार्यालयमा पठाइएका सामग्री सोमबार कर्मचारीलाई हस्तान्तरण गरिएको जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय नेपालगन्जले जिल्लाका तीनवटै निर्वाचन क्षेत्र अन्तर्गतका निर्वाचन अधिकृतका कार्यालयबाट मतदान सामग्री वितरण गरिएको जनाएको छ । सहायक निर्वाचन अधिकृत लालबहादुर कार्कीका अनुसार मतदान केन्द्रमा खटिएका कर्मचारीहरूलाई सामग्री बुझाएर आ-आफ्नो केन्द्रतर्फ पठाइएको छ ।



बाँकेमा कुल तीन लाख ५० हजार ३७१ मतदाता रहेका छन् । जसमध्ये एक लाख ७२ हजार २२३ महिला, एक लाख ७८ हजार ३३९ पुरुष तथा नौ जना अन्य मतदाता रहेका छन् ।

अब उनीहरूले सम्बन्धित केन्द्रमा पुगेर मतदानको तयारी सुरु गर्नेछन्। फागुन १९ र २० गतेभित्र सबै तयारी पूरा गरिने बताइएको छ । यसअघि कर्मचारीहरूलाई आवश्यक तालिम दिइनुका साथै मतदान स्थलमा खटिएको नियुक्तिपत्र समेत वितरण गरिएको थियो ।

सामग्री बुझेपछि कर्मचारीहरू तोकिएको जिम्मेवारी अनुसार निर्वाचन सामग्रीसहित सम्बन्धित केन्द्रमा पुगेका छन् । जिल्लामा तीन निर्वाचन क्षेत्र, १३९ मतदान स्थल र ४०३ मतदान केन्द्र निर्धारण गरिएको छ । बाँकेमा कुल तीन लाख ५० हजार ३७१ मतदाता रहेका छन् । जसमध्ये एक लाख ७२ हजार २२३ महिला, एक लाख ७८ हजार ३३९ पुरुष तथा नौ जना अन्य मतदाता रहेका छन् ।

सम्पादकीय

राजनीतिक संस्कार देखाऊ

प्रतिनिधि सभा निर्वाचन यही फागुन २१ गते अर्थात बिहीबार हुँदैछ । सोमबार मध्यरातिदेखि मौन अवधि सुरू भइसकेसँगै चुनावी प्रतिस्पर्धा अब मतदाताको विवेकमा सुम्पिएको छ । निर्वाचन आचारसंहिताले मौन अवधिभर कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ । यही सन्दर्भमा निर्वाचन आयोगले सबै राजनीतिक दल, उम्मेदवार र सरोकारवालालाई आचारसंहिता अक्षरशः पालना गर्न पुनः स्मरण गराएको छ । निर्वाचनको तयारी पनि सम्पन्न भइसकेको छ । मतपत्र र आवश्यक निर्वाचन सामग्री सातै प्रदेशका सबै जिल्लामा पुगिसकेका छन् । आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार र प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ गरी वितरण गरिएको छ । एक लाख ८६ हजार ७४ अस्थायी मतदाता कायम गरी देशभर १४३ अस्थायी मतदान केन्द्र तोकिएको छ । ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको छ । यी तथ्यांकले व्यवस्थापकीय दृष्टिले आयोग तयारी अवस्थामा रहेको स्पष्ट गर्छ । तर निर्वाचनको सफलताको मापन केवल व्यवस्थापनले मात्र हुँदैन । यसको वास्तविक परीक्षा आचारसंहिताको पालनामा निहित हुन्छ ।

निर्वाचन आयोगका अनुसार जिल्ला आचारसंहिता अनुगमन समितिसमक्ष परेको एक हजार ७६ उजुरीमध्ये एक हजार ६१ फछ्र्योट हुनु सकारात्मक संकेत अवश्य हो । तर उजुरीको स्वरूप हेर्दा समस्या गम्भीर देखिन्छ । तोकिएको मापदण्डभन्दा ठूला तुल, ब्यानर र झण्डा प्रयोग, सामाजिक सञ्जालको दुरूपयोग, ध्वनि प्रदूषण, शिक्षक-कर्मचारी र जनप्रतिनिधिको प्रचारमा संलग्नता, सार्वजनिक सवारीसाधनमा झण्डा टाँग्ने जस्ता गतिविधि व्यापक छन् । आयोगले राजनीतिक दललाई चार र उम्मेदवारलाई ३३ स्पष्टीकरण सोधेको छ, भने अन्य सरकारी तथा शैक्षिक निकायका कर्मचारीलाई ५१ स्पष्टीकरण मागिएको छ । यसले आचारसंहिता उल्लंघन व्यक्तिगत मात्र नभई संस्थागत तहसम्म फैलिएको देखाउँछ । अझै पनि धेरै उम्मेदवारले बैंक खाता सञ्चालनसम्बन्धी कार्यविधि पूर्ण रूपमा कार्यान्वयन नगरेको तथ्य चिन्ताजनक छ । पारदर्शी खर्च व्यवस्थापन लोकतान्त्रिक अभ्यासको आधारभूत शर्त हो । यसलाई बेवास्ता गर्नु निर्वाचन प्रक्रियामाथि अविश्वास निम्त्याउने कदम हो । घोषणापत्र सार्वजनिक गर्ने दायित्वसमेत सबै दलले निर्वाह गरेका छैनन् । हालसम्म ४३ दलले मात्र घोषणापत्र सार्वजनिक गरी आयोगमा जानकारी गराएका छन् । मतदातासामु नीति र कार्यक्रम प्रस्तुत नगरी केवल नाराबाजी र प्रचारप्रसारमा सीमित रहनु लोकतान्त्रिक संस्कृतिका लागि सकारात्मक संकेत होइन ।

मौन अवधि केवल प्रचार रोक्ने समय होइन । यो आत्ममूल्यांकनको समय हो । दल र उम्मेदवारका लागि यो आफ्नो राजनीतिक संस्कार देखाउने अवसर हो, भने आयोगका लागि आफ्नो अनुगमन क्षमता प्रमाणित गर्ने घडी हो । सामाजिक सञ्जालमार्फत अप्रत्यक्ष प्रचार, फर्जी सूचना र चरित्रहत्या जस्ता गतिविधि मौन अवधिमा झन् संवेदनशील बन्छन् । त्यसैले कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ । निर्वाचन केवल मत हाल्ने प्रक्रिया मात्र होइन, यो लोकतन्त्रप्रतिको विश्वासको उत्सव हो । त्यस विश्वासलाई सुदृढ बनाउन आचारसंहिताको कडाइका साथ पालना हुनैपर्छ । मौन अवधिमा देखिने अनुशासनले नै निर्वाचनको विश्वसनीयता निर्धारण गर्नेछ । यदि दल र उम्मेदवारले यस अवधिलाई जिम्मेवारीपूर्वक निभाए भने लोकतान्त्रिक संस्कार बलियो हुनेछ, अन्यथा नियम उल्लंघनको प्रवृत्तिले भविष्यका निर्वाचनहरूलाई थप जटिल बनाउनेछ । किनकी निष्पक्ष, पारदर्शी र विश्वसनीय निर्वाचन सुनिश्चित गर्नु सबैको साझा दायित्व हो । मौन अवधिमा आचारसंहिताको पूर्ण पालना नै यसपटकको निर्वाचनको वास्तविक परीक्षा हो, र यही परीक्षामा उत्तीर्ण हुनु लोकतन्त्रप्रतिको प्रतिबद्धताको प्रमाण हुनेछ । त्यसैले अब मौन अवधिमा राजनीतिक संस्कार देखाऊ ।

दलका वाचापत्रमा कस्तो प्रतिबद्धता चाहन्छन् लगानीकर्ता ?



✍ अचुतकुमार ओझा

> *"नेतृत्वले के हेक्का राख्नुपर्छ भने आफूले बनाउँदै गरेको घोषणापत्रले ठूलो संख्यामा रहेको लगानीकर्ताका आशालाई बोल्न सकेन भने त्यसको प्रभाव पक्कै पनि बाक्साभित्र खस्ने ब्यालेटमा देखिने छ।*

नेपालको पुँजीबजार आजको दिनमा देशको भूगोलमा मात्रै सीमित नरहेर विश्वभर रोजगारी, शिक्षा र व्यवसायको लागि नेपाली जहाँजहाँ पुग्दै छन् त्यहाँत्यहाँ पुग्न सफल भएको छ । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको वेबसाइटमा राखिएको तथ्याङ्क अनुसार हाल डिम्याट खाता खोल्नेको संख्या ७४ लाख भन्दा बढी देखिन्छ ।

मेरो सेयर खाता खोल्नेहरु ६५ लाख र सक्रिय खाता ४६ लाख बढी छ । केही दिन अगाडि मात्रै सर्वसाधारणको लागि प्राथमिक सेयर निष्कासन (आईपीओ) गरेको भुजुङ्ग हाईड्रोपावर लिमिटेड र होटल फोरेष्ट इन लिमिटेडमा आवेदन दिनेको संख्या २६ लाख धेरै छ ।

जनसंख्याको २५ प्रतिशत बढी मानिस पुँजीबजारमा सहभागी भई सकेको अवस्थामा सत्ताको बागडोर सम्हाल्न खोज्ने जुनसुकै पार्टी र नेताले लगानीकर्ताको भावनालाई व्यवस्था गर्छ भने यसले निर्वाचनको मतपरिणाममा फेरबदल गर्ने पक्का छ ।

कुनै समय पुँजीबजार 'जुवा घर' सम्झने राजनीतिक दल र त्यसका नेताहरु परिस्थितिसँगै बदलिन थालेका छन् । देशको समग्र अर्थतन्त्रको ऐना मानिने पुँजीबजारलाई हालका दिनमा नेपाली राजनीतिले महत्वपूर्ण ऐजेण्डाका रुपमा स्वीकार्न बाध्य भएको छ ।

लगानीकर्ता आफ्नो सम्पतिको संरक्षण र समृद्धिका लागि दल र दलका नेतालाई समय सापेक्ष मुद्दा उठाउन दबाब सिर्जना गरिरहेका छन् । कतै संगठित, कतै व्यक्तिगत भेटघाट, कतै सामाजिक सञ्जाल र मिडिया मार्फत लगानीमैत्री प्रतिबद्धता र दृष्टिकोण स्पष्ट गर्न बाध्य गर्दैछन् । यसका लागि लगानीकर्ताका संघसंगठनहरु एक भएर देखिने, सुनिने र भेटिने गरेर थप काम गर्नुपर्ने देखिन्छ ।

निर्वाचनमा जाँदै गरेका राजनीतिक दलहरुले घोषणापत्र, प्रतिबद्धता पत्र वा संकल्पपत्र जे भनेर नागरिकबीचमा आफ्ना एजेण्डा लैजाँदै गर्दा यतिधेरै नागरिकको सरोकार र सहभागिता रहेको पुँजीबजारलाई नजरअन्दाज गरेर जान खोजे भने उक्त दललाई क्षति हुने निश्चित छ ।

यसैले नेतृत्वले के हेक्का राख्नु पर्छ भने आफूले बनाउँदै गरेको घोषणापत्रले ठूलो संख्यामा रहेको लगानीकर्ताका आशालाई बोल्न सकेन भने त्यसको प्रभाव पक्कै पनि बाक्साभित्र खस्ने ब्यालेटमा देखिने छ ।

कथमकदाचित नेतृत्व पाइहालेमा पनि निजी लगानीकर्ताले त्यस्ता दललाई विश्वास गर्न नसक्ने र राष्ट्रिय पुँजी पलायन हुन सक्ने प्रबल सम्भावना रहन्छ । वैदेशिक लगानी भित्रने भन्दा गरिएका प्रतिबद्धता बमोजिमको रकम रोकिने र लगानी गरिएको विदेशी पुँजी समेत फिर्ता लैजाने डर हुन्छ ।

यसैले एक परिपक्व राजनीतिक दलले आफ्नो घोषणापत्र आउँदै गर्दा, राज्यको समृद्धि र नागरिकको खुशी खोज्दै गर्दा ती नागरिक मध्ये २५ प्रतिशत पुँजीबजारमा लगानीकर्ता रहेको वर्तमान अवस्थामा तिनीहरुलाई सम्झेर तिनीहरुले उठाएका मुद्दालाई सम्बोधन गर्ने वाचा गर्नु अनिवार्य छ ।

राज्यसत्ता सञ्चालन गर्छु भन्ने नेपालका लगानीकर्ताले राजनीतिक दलसँग खोजेका प्रतिबद्धता बुझ्न र पुरा गर्न एक जिम्मेवार पाटीका नाताले तयार हुन जरुरी छ । अन्यथा लगानीकर्ताको मत र मन जित्न दलहरु असफल रहने पक्का छ।

पुँजीगत लाभकर नै अन्तिम कर

पुँजीबजारमा लामो समयदेखि पुँजीगत लाभकर नै अन्तिम कर मान्नु पर्ने विषयमा विवाद कायम नै छ । खासगरी लगानीकर्ताहरु आफूले कमाएको पुँजीगत नाफामा संस्थागत लगानीको हकमा १० प्रतिशत र व्यक्तिको हकमा लगानी गरेको एक वर्षभन्दा कम भएमा सात दशमलव पाँच प्रतिशत र एक वर्ष भन्दा बढी समय भएमा पाँच प्रतिशत कर लाग्छ ।

त्यो कर नै अन्तिम हुनुपर्ने आफ्ना मागहरु राखेर समय समयमा सम्बन्धित निकायहरु अर्थमन्त्रालय, कर कार्यालय र धितोपत्र बोर्डमा ध्यानाकर्षण गर्दै आइरहेका छन् । केही समय अगाडि कर कार्यालयले लगानीकर्ताले कर चुक्ताको प्रमाणपत्र लिनुपर्ने र त्यसको लागि नियम अनुसार फाराम भरेर वार्षिक मुनाफा देखाउनुपर्ने तर ४० लाख बढी वार्षिक नाफा कमाएकाहरुलाई थप कर लाग्ने भन्ने मनसायको सन्देश बजारमा दिएपछि लगानीकर्ताहरु आन्दोलित हुँदा केही दिन बजार बिथोलिएको थियो । तर पछि अर्थमन्त्रालयले लगानीकर्तालाई वार्तामा बोलाएर सहमतिका नाममा हाललाई उक्त विषय स्थगन हुने भन्दै थुमथुमाएको अवस्था छ ।

लगानीकर्ताको बुझाईमा जसरी हिजो नेपाल राष्ट्र बैंकले बैंकहरुलाई मर्जरको लागि प्रोत्साहन गर्न मर्जरबाट भएको लाभमा कर छुट दिने भनेर घोषणा गरेपनि पछि सरकारले कर तिर्न बाध्य पार्ने काम गऱ्यो । त्यसरी नै कतै आफूहरुलाई पनि थप कर तिर्न बाध्य त पार्ने होइन भन्ने डर आमलगानीकर्तामा देखिन्छ ।

यसलाई राजनीतिक दलले भोट माग्दै गर्दा आफूले नेतृत्व पाएमा अन्तिम कर मान्न सक्ने वा नसक्ने स्पष्ट पारेर आउन जरुरी छ । पक्कै पनि लगानीकर्ताहरु अन्तिम करको मान्यता दिन तयार नहुने दललाई मतदान गर्न तयार छैनन् । यसैले लगानीकर्ताको मत चाहने राजनीतिक दलले स्पष्टसँग भन्न सक्नु पर्छ- हामीले नेतृत्व गऱ्यौं भने तपाईंहरुको गर्धनमा तरबारको रुपमा झुण्ड्याइएको पुँजीगत लाभमा लाग्ने कर अन्तिम मानिनेछ । तपाईं बजारमा निस्फिक्री लगानी गर्न सक्नु हुन्छ, त्यो पनि विना शंका विना डर राज्य तपाईंको पक्षमा छ ।

गैरआवासीय नेपाली (एनआरएन) लाई पुँजी बजारमा प्रवेश

नेपालको पुँजीबजारमा एनआरएनलाई लगानीको लागि भित्र्याउनुपर्ने माग उठेको लामो समय भइसकेको छ । धितोपत्र बोर्डले समिति बनाएर काम गरेको पनि लामो समय भयो तर वास्तविक लगानीकर्ताको रुपमा एनआरएन नेपालको पुँजी बजारमा लगानी गर्न आउन पाउने र लगानीपछिको मुनाफा तथा मुलधन सजिलै लैजान पाउने व्यवस्था गर्न नसक्दा एनआरएन नेपालको पुँजीबजारमा प्रवेश गर्न सकेको छैन ।

पछिल्लो समय पुँजीबजारमा बोनस, हकप्रद र आईपीओका कारण आपूर्ति पक्ष बलियो हुँदै जाँदा माग पक्ष कमजोर बनेको छ । जसले बजारप्रति लगानीकर्ताको आत्मबल कमजोर बनाएको छ । तसर्थ माग पक्ष बलियो बनाउन र नयाँ पैसालाई बजारमा भित्र्याउनका लागि एनआएनलाई सजिलै लगानी गर्न सक्ने व्यवस्था मिलाउनु आजको दिनमा पुँजीबजारको लागि अक्सिजन दिनु जस्तै बनेको छ ।

केही समय अगाडि धितोपत्र बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका २०८१ संशोधनमार्फत एनआरएनलाई नेपाल सरकारसँग संयुक्त लगानीमा स्थापित कम्पनीमा लगानी गर्न सक्ने, आईपीओ जारी गर्न पाउने र दोस्रो बजारमा पनि कारोबार गर्न सक्ने व्यवस्था गरेको छ । तर ती कम्पनीको सेयर एनआरएनका बीचमा मात्रै कारोबार गर्न पाइने सीमित सुविधा दिएर ल्याइएको छ । यसले गर्दा एनआरएनहरुले अन्य कम्पनीमा लगानी गर्न पाउनु पर्ने बाटो खुल्न सकेको छैन । यसले थोरै सुधार र सम्भावना देखिएता पनि वास्तविक समस्या यतिले मात्रै सम्बोधन हुन नसक्ने भएकोले तत्काल यसका लागि जसरी नेपाली लगानीकर्ताले आजको दिनमा लगानी गर्न सक्छन् त्यसरी नै एनआरएनले पनि लगानी गर्न सक्ने वातावरण राज्यले निमार्ण गर्नु जरुरी छ । यसले मात्रै बजारलाई थप विस्तार र बिकास गर्न सक्ने देखिन्छ । साथै देशको अर्थतन्त्रमा नयाँ पुँजी भित्रीदा रोजगारी, पूर्वधारको विकास र राजस्व बृद्धि हुन गई समग्र अर्थतन्त्र चलायमान हुने देखिन्छ । यतातिर राजनीतिक दलको घोषणापत्रले बोल्न र बताउन जरुरत छ ।

नेप्सेको पुनसंरचना र नयाँ स्टक एक्सचेन्ज

नेपालको पुँजीबजार सुधार र आधुनिकीकरणका लागि नेप्सेको पुनसंरचना गर्ने कि नयाँ स्टक एक्सचेन्ज भन्नेमा पक्ष विपक्षमा संवाद हुँदै आएको छ । तर ठोस रुपमा जति काम हुनुपर्ने हो सो हुन सकेको छैन । एकथरी नयाँ स्टक एक्सचेन्जको अनुर्मातपत्र विक्री गरेर कमिसन कुम्ल्याउने ध्याउन्नमा छन् । नेप्से डुबोस् वा बाँचोस तर आफ्नो खल्ती भरिहालौ भन्ने उद्देश्यले नयाँ स्टक खोल्न दिनेमा मात्रै मेहेनत गरिरहेको देखिन्छ ।

अर्काथरी नेप्सेलाई आफ्नो कब्जामा राखेकाहरु नयाँ स्टक एक्सचेन्ज खोल्न पनि नदिने र नेप्सेको पुनसंरचना भन्दै अल्मल्याएर आफू मालामाल भइरहने खेलमा जोडबल गरेर लागि परेको देखिन्छ । पुँजीबजारमा देखिएको यो खालको खेलकुद रोकेर बजार सुधार्न नेपाल सरकारले २०८२ मंसिर २ मा ५० दिनभित्र नेप्से पुनसंरचना अध्ययनका लागि चार्टर्ड एकाउन्टेन्ट प्रकाशजंग थापाको नेतृत्वमा ५ सदस्यीय समिति बनाएको थियो । उक्त समितिले हालै नेपाल सरकारलाई प्रतिवेदन बुझाइसकेको छ । जसले नेप्सेको पुँजी ३ अर्ब पुऱ्याउन बोनस सेयर वितरण गर्ने, हकप्रद सेयर जारी गर्ने र थप सेयर जारी गर्ने तीन विकल्प दिएको छ ।

प्रिमियम मूल्यमा थप सेयर जारी गरेर नयाँ लगानीकर्ता (रणनीतिक साझेदार, संगठित संस्था र सर्वसाधारण) भित्र्याउन पर्ने सुझाव दिएको छ । यसमा रणनीतिक साझेदारलाई २५ प्रतिशत, बैंक तथा बीमा कम्पनीलाई ४३ दशमलव ४६ प्रतिशत र सर्वसाधारणलाई १५ प्रतिशत सेयर प्रस्ताव गरिएको छ । साथै संचालक समितिमा कर्मचारीतन्त्रको प्रभाव उच्च रहेकोले प्रभावकारी काम हुन नसकेकोले यसमा समेत सुधार गर्न सुझाव दिइएको छ ।

राजनीतिक दलहरुसँग लगानीकर्ताले उक्त प्रतिवेदन बमोजिम नेप्सेको पहिला पुनसंरचना अनि नयाँ स्टक एक्सचेन्जको अनुमतिपत्र दिएर पुँजीबजारमा हुने एकाधिकारलाई तोड्दै स्वस्थ प्रतिस्पर्धाबाट बजारको विकास गर्ने प्रतिबद्धता खोजिरहेका छन् ।

खेलकुद

किन कमजोर बनिरहेको छ पाकिस्तान क्रिकेट टोली?



आइसिसी टी-२० श्रीलंका विरुद्धको खेलमा पराजित भएसँगै पाकिस्तान टी-२० विश्वकपको सेमिफाइनल दौडबाट बाहिरियो ।

यो लगातार चौथो पटक हो कि पाकिस्तान कुनै पनि आइसिसी प्रतियोगिताको सेमिफाइनलमा पुग्न असफल भएको छ । कुनै समयको बलियो टोली अहिले प्रतियोगितामा एउटा सामान्य टोली जस्तो मात्र सीमित भएको छ ।

यस विश्वकपका लागि पाकिस्तानले अरू देशले भन्दा धेरै तयारी गरेको थियो । विश्वकपअघि उनीहरूले ३४ वटा टी-२० खेल खेले, जसमध्ये २४ वटा जिते पनि । तर ती जितहरू प्रायः कमजोर टोलीहरू विरुद्ध मात्र थिए । ठूला टोलीहरूसँग विशेष गरी भारतसँग पछिल्ला ६ खेलमा पाकिस्तान ६ पटकै पराजित भएको छ ।

नयाँ कप्तान सलमान आगाको छनोटमा सुरुदेखि नै प्रश्न उठेको थियो । तथ्यांक अनुसार टी-२० उनको सबैभन्दा कमजोर फर्म्याट हो । यस विश्वकपका ६ इनिङ्समा उनले मात्र ६० रन बनाए, जसमा ३८ रन त नामिबिया विरुद्ध मात्र थियो । उनले आफूलाई 'डररहित' कप्तान भन्न खोजे पनि मैदानमा न उनको ब्याटिङ चल्यो, न त रणनीतिको जादु नै देखियो । पाकिस्तानी टोलीको छनोटमा ठूलो अन्योल देखियो । पाकिस्तानका उत्कृष्ट स्पिनर अबरारलाई भारतसँगको एउटा खेल खराब हुनासाथ टोलीबाट निकालियो । जब उनलाई अन्तिममा श्रीलंका विरुद्ध खेलाइयो, उनी नै सबैभन्दा सफल बलर बने । बाबरलाई कहिले ओपनिङ त कहिले मिडिल अर्डरमा खेलाएर अलमल पारियो ।

मोहम्मद ह्यारिस र हसन नवाज जस्ता आक्रामक युवा ब्याटरहरूलाई टोलीबाट बाहिर राखियो । टोलीको कुल रनको ३८ प्रतिशतरन एक्लै फरहानले बनाएका थिए, बाँकी ब्याटरहरू पूर्ण रूपमा असफल रहे ।

पाकिस्तान क्रिकेट बोर्डमा राजनीतिक हस्तक्षेप र प्रशासनिक अस्थिरता कायमै छ । ग्यारी कर्स्टन र जेसन जिलेस्पीजस्ता विश्वप्रसिद्ध प्रशिक्षकहरूले काम गर्ने स्वतन्त्रता नपाएपछि छोटो समयमै राजीनामा दिए । अहिले छनोटकर्ता आकिब जावेदको हातमा सबै शक्ति छ, तर त्यसको सकारात्मक प्रभाव मैदानमा देखिएको छैन । पहिला पाकिस्तानको टोली जुनसुकै बेला चमत्कार गर्न सक्ने मानिन्थ्यो । सन् २०२१ र २०२२ का विश्वकपमा उनीहरूले उत्कृष्ट पुनरागमन गरेका थिए । तर सन् २०२४ पछि पाकिस्तानको टोली 'प्रेडिक्टेबल' अर्थात् सजिलै अनुमान लगाउन सकिने गरी कमजोर भएको छ । उनीहरू अमेरिका जस्तो टोलीसँग हारे र च्याम्पियन्स ट्रफीमा घरेलु मैदान एउटै खेल जित्न सकेनन् ।

विश्व

इरानी नागरिकलाई प्रदर्शनमा ननिस्कन रिभोल्युसनरी गाइर्सको चेतावनी

> **इरानका अधिकांश नागरिकका लागि इन्टरनेट सेवा अझै अवरुद्ध रहेकाले देशभित्रको वास्तविक अवस्था स्पष्ट रूपमा बुझ्न कठिन भइरहेको बताइएको छ । केही व्यक्तिहरू भने स्याटेलाइट इन्टरनेट सेवा स्टार लिङ्कजस्ता माध्यम प्रयोग गरेर अनलाइनमा पहुँच बनाएका छन् ।**



इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आईआरजीसी)को गुप्तचर इकाईले नागरिकलाई सडक प्रदर्शनमा सहभागी नहुन चेतावनी दिएको खुलासा भएको छ । इरानभित्रबाट आफूलाई पठाइएका दुईवटा सन्देशका स्क्रिन सटमा यस्तो चेतावनी देखिएको भन्दै बीबीसीले समाचार छापेको छ ।


ती सन्देशहरूमा सम्भावित प्रदर्शनलाई शत्रुको योजनाबद्ध सडक दङ्गा भनेर उल्लेख गरिएको छ । साथै सुरक्षा अव्यवस्था गराउने कुनै पनि गतिविधि शत्रुसँगको प्रत्यक्ष सहकार्य मानिने चेतावनी पनि दिइएको छ ।

अर्को सन्देशमा आईआरजीसीले नागरिकलाई कुनै पनि विरोधी-सुरक्षा गतिविधि देखेमा फोन गरेर जानकारी दिन आग्रह गरेको छ ।

आयतोल्लाह अली खामेनीको निधनपछि देशका विभिन्न सहरहरूमा सडकमा भेला भई उत्सव मनाइएको दृश्यहरू आफूले पुष्टि गरेको बीबीसीले बताएको थियो । इरानका सरकारी तथा स्थानीय सञ्चारमाध्यमहरूले तेहरान लगायतका सहरमा शोकसभा पनि भइरहेको खबर पनि आएको थियो ।

इरानका अधिकांश नागरिकका लागि इन्टरनेट सेवा अझै अवरुद्ध रहेकाले देशभित्रको वास्तविक अवस्था स्पष्ट रूपमा बुझ्न कठिन भइरहेको बताइएको छ । केही व्यक्तिहरू भने स्याटेलाइट इन्टरनेट सेवा स्टार लिङ्कजस्ता माध्यम प्रयोग गरेर अनलाइनमा पहुँच बनाएका छन् ।

सुरक्षा व्यवस्थासहित कर्मचारी परिचालन



काँक्रेविहार संवाददाता

गुल्मी, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गुल्मी जिल्लामा आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न जिल्लास्तरीय एकीकृत सुरक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइएको सुरक्षा निकायले जनाएको छ।

सुरक्षा संवेदनशीलताका आधारमा जिल्लाका ४८ मतदान केन्द्र अति संवेदनशील, ५७ संवेदनशील र ४० सामान्य रूपमा वर्गीकरण गरिएको छ। नेपाल प्रहरीतर्फ एक हजार ६९५ र सशस्त्र प्रहरीतर्फ १७९ जना निर्वाचन प्रहरी छनोट भई तालिम सम्पन्न गरेर परिचालन भइसकेका छन्।

जिल्ला सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेका अनुसार जिल्ला कमान्ड पोस्ट र निर्वाचन सेल गठन गरिनुका साथै सबै सुरक्षा निकायमा निर्वाचन सेल स्थापना गरी नियमित बैठक सञ्चालन भइरहेको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय गुल्मी र जिल्ला निर्वाचन कार्यालय गुल्मीको सुरक्षा व्यवस्थापन, जिल्ला कारागार तथा विमानस्थल सुरक्षाको जिम्मेवारी नेपाली सेनाले लिएको छ। हालसम्म सेना १० स्थानमा परिचालन भइसकेको छ।

सशस्त्र प्रहरी बलतर्फ दुई निर्वाचन सुरक्षा बेस, छ स्ट्राइकिङ फोर्स, १६ मोबाइल टोली र तीन निर्वाचन कार्यालय सुरक्षा युनिटसहित २७ युनिट परिचालन गरिने योजना छ। नेपाल प्रहरीका २४ मोबाइल टोली मतदान स्थलको संवेदनशीलता अनुसार परिचालन हुनेछन्।

अनुमतिप्राप्त ६४ थान हातहतियार स्थानीय प्रहरीमार्फत संकलन गरिएको छ। विभिन्न घटनाका क्रममा फरार दुई कैदीसमेत पक्राउ परिसकेको प्रशासनले जनाएको छ। जिल्लामा क्रियाशील राजनीतिक दलबाट २० र स्वतन्त्रतर्फ २३ उम्मेदवारले मनोनयन दर्ता गराएका छन्। मतगणना स्थलको पहिचान र आवश्यक तयारी पूरा भएको छ, भने मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिम पनि सम्पन्न भइसकेको छ। निर्वाचनमा एक हजार ७०८ कर्मचारी तथा सहयोगी र ८४६ स्वयंसेवक परिचालन गरिने जिल्ला निर्वाचन कार्यालय गुल्मीका निर्वाचन अधिकारी ऋषि घिमिरेले जानकारी दिए।

मतदान तथा मतगणनाका लागि आवश्यक मतपत्रसहितका सामग्री निर्वाचन आयोगबाट प्राप्त भइसकेका छन्। मतपेटिका ढुवानी, सुरक्षा गस्ती र मोबाइल टोली परिचालनका लागि सवारीसाधन व्यवस्थापनको तयारी भइरहेको छ।

सामाजिक सञ्जाल निगरानीका लागि जिल्ला प्रहरी कार्यालयमा दुई जनशक्तिसहितको डेस्क स्थापना गरिएको छ। जिल्लाका १४५ मतदान स्थलमा स्वास्थ्यकर्मीसहित प्राथमिक उपचार डेस्क स्थापना गरिने सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बताए। आकस्मिक अवस्थाका लागि छुट्टै उपचार कक्षको व्यवस्था गरिएको छ।यस निर्वाचनमा दुई मतदान केन्द्रको नेतृत्व महिलाले गर्ने भएका छन्। सिद्धबाबा माध्यमिक विद्यालय (‘क’ केन्द्र) र जनसहयोग माध्यमिक विद्यालय (‘ख’ केन्द्र) मा सुरक्षाकर्मीसहित सम्पूर्ण कर्मचारी महिला परिचालन गरिएका छन्।

सिद्धबाबा केन्द्रमा सिर्जना मिश्र र जनसहयोग केन्द्रमा पुष्पा रायमाझी मतदान अधिकृतका रूपमा तोकिनुभएको सहायक निर्वाचन अधिकृत कृष्णप्रसाद भट्टराईले जानकारी दिए।

चुनावी...

छ। एम्बुलेन्स, दमकल, शव वाहन, रक्तसञ्चार सेवा, सुरक्षा निकाय, विद्युत, खानेपानी, ढल तथा दूरसञ्चार मर्मतका सवारीसाधन, कूटनीतिक नियोगका सवारी तथा पास प्राप्त सवारीसाधन मात्र सञ्चालनमा रहनेछन्। उक्त व्यवस्था फागुन २० गते राति १२:०० बजेदेखि मतदान सम्पन्न नभएसम्म लागू हुनेछ। तर अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू भने नियमित रूपमा सञ्चालन हुनेछन्। टिकट भएका यात्रुहरूलाई विमानस्थलदेखि घर वा होटलसम्म तथा फर्किँदा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको वा निजी सवारीसाधन प्रयोग गर्न दिइने व्यवस्था मिलाइने जनाइएको छ।

त्यसैगरी निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ बमोजिम निर्वाचनमा शान्ति-सुरक्षा कायम गर्न आवश्यक सबै व्यवस्था मिलाइनेछ। सोही निर्देशिकाको व्यवस्था अनुसार निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द भएका छन्। यसबारे नेपाल सरकार, गृह मन्त्रालयलाई जानकारीका लागि सिफारिस गरिएको छ।

यसैबीच प्रतिनिधि सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०८२ को दफा ४३ र ८४ अनुसार मतदाताले मतदान गर्न जाँदा मतदाता परिचयपत्र वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्रमध्ये कुनै एक सक्कल कागजात साथमा लैजानुपर्ने व्यवस्था छ।

मतदाता नामावलीमा नाम भएका मतदाताले उल्लेखित कागजातमध्ये कुनै एक लिएर मतदान गर्न पाउने विषयमा सुरक्षाकर्मी, कर्मचारी तथा सरोकारवालालाई सूचना प्रवाह गरी निर्देशन दिइएको छ। यस्तै सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ बमोजिम मतदानको दिनमा सवारी पास वितरण प्रक्रिया सुरु गरिएको छ।

भन्सारबाट ४४ अर्ब बढीको आयात

काँक्रेविहार संवाददाता

नेपालगञ्ज, १८ फागुन

नेपालगन्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ का सात महिनामा भारतसहित १८ देशबाट ४४ अर्ब ५४ करोड २१ लाख ६६ हजार रुपैयाँ बराबरको मालसामान आयात भएको छ।

भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलका अनुसार सबैभन्दा बढी आयात भारतबाट मात्रै ४१ अर्ब पाँच करोड ९७ लाख ९७ हजार रुपैयाँ बराबरको भएको छ। चीनबाट दुई अर्ब ५२ करोड ५० लाख ७० हजार रुपैयाँ बराबरको मालसामान आयात भएको छ। त्यस्तै अस्ट्रेलिया, इटाली, मलेसिया, अमेरिका, डेनमार्क, स्पेन, इन्डोनेसिया, साउदी अरब, सिङ्गापुर, दक्षिण अफ्रिका, थाइल्यान्ड, युएई, श्रीलङ्का र भियतनाम लगायतका अन्य १६ देशबाट समेत मालसामान आयात भएको जानकारी दिइएको छ।

उक्त अवधिमा नेपालबाट भने भारत र युएईमा मात्र निर्यात भएको छ। भारतमा १ अर्ब ६३ करोड ५ लाख ५४ हजार र युएईमा १५ लाख १४ हजार रुपैयाँ बराबरको मालसामान निर्यात भएको छ। यस हिसाबले



चालु आवको सात महिनामा व्यापार घाटा ९६.४१ प्रतिशत पुगेको छ।

अघिल्लो आवको सोही अवधिमा व्यापार घाटा ९६.४२ प्रतिशत थियो। भन्सार कार्यालयले चालु आवको सात महिनामा वार्षिक लक्ष्यको ४५ प्रतिशत राजस्व सङ्कलन गरेको छ। चालु वर्षको वार्षिक लक्ष्य २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रुपैयाँ तोकिएकोमा माघ मसान्तसम्म ११ अर्ब ४ करोड ६५ लाख ८५ हजार रुपैयाँ अर्थात् ४५.०१ प्रतिशत सङ्कलन भएको छ।

बाँकी पाँच महिनामा लक्ष्य पूरा गर्न थप ५५ प्रतिशत राजस्व सङ्कलन गर्नु पर्ने चुनौती छ। मासिक लक्ष्य अनुसार अहिलेसम्म कुनै महिनामा पूर्ण सङ्कलन हुन सकेको छैन। आव २०८१/८२ मा नेपालगन्ज भन्सारले लक्ष्यको ७४.६४ प्रतिशत र २०८०/८१ मा ६३.३५ प्रतिशत राजस्व सङ्कलन गरेको थियो।

नेपाल-भारत सीमाको जमुनाह नाकामा एकीकृत जाँचचौकी सञ्चालनमा आए पनि पछिल्ला वर्षमा भन्सार लक्ष्य पूरा हुन नसकेको भन्सार प्रमुख पौडेलले बताए।

पहिलो पटक फोक्सो परीक्षण सेवा सुरू



काँक्रेविहार संवाददाता

कञ्चनपुर, १८ फागुन

सुदूरपश्चिम प्रदेशमै पहिलो पटक फोक्सोको ब्रोंकोस्कोपी परीक्षण सेवा सुरु भएको छ। महेन्द्रनगरस्थित मन्त्र अस्पतालमा शनिबार श्वासनली हेर्ने उपकरण (ब्रोंकोस्कोप) प्रयोग गरेर चार जना बिरामीको सफल परीक्षण गरिएको छ।

कृष्णपुर नगरपालिकाका ३८ वर्षीय वीरेन्द्र मल्ल एक वर्षदेखि दोहोरिने सुख्खा खोकीबाट पीडित थिए। फोक्सो परीक्षणका लागि उनी सेती प्रादेशिक अस्पताल पुगे पनि आवश्यक उपकरण अभावका कारण महेन्द्रनगर जान सुझाव दिइएको थियो। मन्त्र अस्पतालमा ब्रोंकोस्कोपी गराउँदा करिब १६ हजार रुपैयाँ परीक्षण र झन्डै ३५ हजार रुपैयाँ औषधिमा खर्च भएको उनले बताए।

त्यस्तै बझाङकी ५६ वर्षीया एक महिलाले पनि ब्रोंकोस्कोपी सेवा लिएकी छन्। तीन दशकदेखि दमको औषधि सेवन गर्दै आएकी ती महिलाले थप समस्या देखिएपछि परीक्षण गराएकी हुन्। यसअघि यस्तो परीक्षणका लागि बुटवल वा काठमाडौं जानुपर्ने बाध्यता रहेको भन्दै प्रदेशमै सेवा सुरु भएपछि सहज भएको प्रतिक्रिया दिइन्।

मन्त्र अस्पतालका सञ्चालक डा. गोविन्द रोकायाका अनुसार चार वर्षअघि झन्डै ५० लाख रुपैयाँमा खरिद गरिएको ब्रोंकोस्कोप विशेषज्ञ अभावका कारण प्रयोगमा आउन सकेको थिएन। हाल फोक्सो रोग विशेषज्ञसँग समन्वय भएपछि सेवा सुरु गरिएको उनले बताए।

फोक्सो रोग विशेषज्ञ डा. नारायण जोशीका अनुसार सुदूरपश्चिमका नौवटै जिल्लामा यस्तो परीक्षण उपकरण नहुँदा बिरामीलाई बाहिर पठाउनुपर्ने अवस्था थियो। अब प्रदेशमै सेवा उपलब्ध भएपछि बाहिर धाउनुपर्ने बाध्यता धेरै हदसम्म कम हुने अपेक्षा गरिएको छ।

ब्रोंकोस्कोपी मार्फत क्यामेरा जडित पातलो लचिलो नली मुख वा नाकबाट फोक्सोसम्म पुऱ्याएर श्वासनली र फोक्सोको भित्री भाग परीक्षण गरिन्छ। यस विधिबाट फोक्सोको क्यान्सर, टीबी, निमोनिया लगायत संक्रमण पहिचान गर्न तथा शंकास्पद गाँठाबाट नमूना सङ्कलन गर्न सकिन्छ।

लगातार खोकी, सास फेर्न गाह्रो हुने वा रगत आउने लक्षण भएका बिरामीका लागि यो परीक्षण प्रभावकारी हुनेछ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं।

विकासलाई प्राथमिकता दिने प्रतिबद्धता



❐ काँक्रेविहार संवाददाता
जुम्ला, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सार्वजनिक गरिएका घोषणापत्रमा प्रमुख दलले साबिक कर्णालीका पाँच जिल्लाको विकासलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएका छन् ।

साबिक कर्णालीका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोटको विकासमा दलहरूले आफ्नो घोषणापत्रमा यहाँको पूर्वाधार विकास र सिँजा खस सभ्यताको संरक्षण तथा संवर्धन गर्ने प्रतिबद्धता जनाएका हुन् । दलका घोषणापत्रमा सडक पूर्वाधार विस्तार, जलस्रोतको उपयोगमार्फत उत्पादन वृद्धि, जडीबुटी तथा फलफूल उत्पादन-प्रशोधन र पर्यटन विकासका विषय समेटिएका छन् ।

साथै खस सभ्यताको संरक्षण र प्रवर्धनलाई पनि विशेष महत्व दिएका छन् । जुम्ला नेपाली भाषाको उद्गमस्थल र खस भाषाको उत्पत्ति स्थलका रूपमा परिचित भएकाले सांस्कृतिक संरक्षणलाई जोड दिइएको उल्लेख छ । नेपाली काग्रेसको प्रतिज्ञापत्रमा हिमाली क्षेत्र, विशेष गरी जुम्लाको खस सभ्यताको संरक्षणका लागि समुदायको सहभागितामा विशेष सांस्कृतिक योजना लागु गर्ने उल्लेख छ ।

दुर्गम बस्तीलाई स्थानीय सहमतिमा एकीकृत बस्ती विकासमार्फत स्थानान्तरण गर्न प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण गर्ने योजना अघि सारिएको छ । साथै कर्णालीका महत्वपूर्ण सडक आयोजना महाबु-कालीकोट, चिल्खाया-नाग्म, गमगढी-नाक्चे लाग्ना जस्ता मार्ग विस्तारलाई प्राथमिकता दिने जनाइएको छ ।

काग्रेसले कर्णालीको प्राकृतिक र सांस्कृतिक सम्भावनालाई उपयोग गर्दै व्यावसायिक कृषि प्रणाली विकास, जडीबुटी सङ्कलन-प्रशोधन, उच्च मूल्यका फलफूल तथा जैविक तरकारी खेतीलाई आयआर्जनको आधार बनाउने उल्लेख गरेको छ । यस्तै नेकपा (एमाले) को घोषणापत्रमा कर्णाली कोरिडोरलाई उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना प्रविधिको विकास क्लस्टरका रूपमा 'कोरिडोर सिटी' निर्माण गर्ने योजना उल्लेख छ।

उच्च मूल्यका तरकारी, फलफूल र जडीबुटी बिउ उत्पादनमा आधारित निर्यात अनुदान दिने तथा धान, गहुँ, मकै, कोदो, फापर जस्ता खाद्यान्न बाली उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने नीति अघि सारिएको छ । त्यस्तै १० कक्षासम्म दिवा खाजा, किशोरीलाई निःशुल्क प्याड, महिला स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता, सुत्केरीलाई २० हजार पोषण भत्ता, २५ हजारसम्म ऋण मिनाहा, शिक्षकलाई सामाजिक सुरक्षामा आबद्ध गराउने तथा सुरक्षाकर्मीको कल्याणका कार्यक्रम घोषणापत्रमा समावेश छन् ।

नेकपाको प्रतिबद्धतापत्रमा हिमाली क्षेत्रमा भेडा-बाख्रा, चौंरीपालन, स्याउ, ओखर तथा जडीबुटी खेती प्रवर्धनका लागि 'हिमाली समृद्धि कार्यक्रम' सञ्चालन गर्ने उल्लेख छ । हिमाली क्षेत्रमा जलाशय तथा पोखरी निर्माण, लिफ्ट सिँचाइ प्रणाली विस्तार, जडीबुटी प्रशोधन केन्द्र स्थापना तथा फलफूल र इकोटुरिजम हबको विकास गर्ने विषयलाई पनि जोड दिइएको छ ।घोषणापत्रले कर्णाली, विशेष गरी जुम्ला र कालीकोटको भौतिक पूर्वाधार विकास, कृषिमा आधारित अर्थतन्त्र सुदृढीकरण र खस सभ्यताको संरक्षणलाई साझा प्राथमिकतामा राखेको देखिन्छ । यसैगरी हुम्लासहित अन्य हिमाली जिल्लामा सडक सञ्जालको स्तरोन्नतिका साथै आधारभूत पूर्वाधार विकासमा दलहरूको साझा प्रतिबद्धता छ ।

कर्णाली कोरिडोरको स्तरोन्नति गर्दै सडक कालोपत्रे गरेर यातायात सेवालाई सहज बनाउन भनी काग्रेसले प्रतिबद्धतापत्रमा राखेको हुम्लास्थित मानसरोवर बहुमुखी क्याम्पसका प्रमुख दीपक भण्डारीले बताए । हुम्लालगायत दुर्गम जिल्लामा आधारभूत अस्पतालमा विशेषज्ञ सेवा प्रदान गर्ने, दुर्गम क्षेत्रमा शिक्षकको व्यवस्था गर्ने, छरिएर रहेका बस्तीलाई एकीकृत बस्ती विकास कार्यन्वयनमा सञ्चालन गर्ने र आधारभूत पूर्वाधारको विकासमा जोड दिने योजना समावेश छन् । यस्तै निजी र सरकारको साझेदारीमा दुर्गममा फाइभर नेट सञ्चालनमा ल्याउने लगायतका योजना उल्लेख छन् ।

नेकपा (एमाले) ले आफ्नो चुनावी घोषणापत्रमा हुम्ला लगायतका पिछडिएका जिल्ला उत्पादन हुने स्थानीय रैथाने बाली कोदो, फापर, चिनो, कागुनोलगायतको उत्पादनमा वृद्धि र बजारीकरणमा विशेष ध्यान दिने कुरा उल्लेख गरिएको छ । घोषणापत्रमा फलफूल खेतीलाई पकेट क्षेत्रका रूपमा विस्तार गरेर आम्दानीको दिगो र भरपर्दो स्रोत बनाउने उल्लेख गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो चुनावी वाचापत्रमा हिमाली क्षेत्रमा विविधता रहेको उल्लेख गर्दै आधारभूत पूर्वाधार विकासमा विशेष ध्यान दिने उल्लेख गरेको छ । हुम्ला लगायतका पिछडिएका क्षेत्रमा स्वास्थ्य, शिक्षा, सडक निर्माणमा प्राथमिकता राख्ने उल्लेख गरिएको र सुरक्षित आवासका लागि छरिएर रहेका बस्तीलाई उपयुक्त स्थानमा एकीकृत बस्ती विकास गर्ने वाचापत्रमा छ।

हेलिमार्फत कर्मचारी र सामग्री ढुवानी



❐ काँक्रेविहार संवाददाता
सिमकोट, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै उत्तरी हुम्लाको नाम्खा गाउँपालिका अन्तर्गतका लिमी र चाला क्षेत्रमा कर्मचारी तथा निर्वाचन सामग्री पुऱ्याइएको छ।

दुर्गम भूगोल र यातायातको अभावका कारण मतदान टोली र सामग्री हेलिकोप्टरमार्फत ढुवानी गरिएको हो। लिमीका तीन मतदान केन्द्रमा कर्मचारी, सुरक्षाकर्मी, मतपत्र र अन्य सामग्री नेपाली सेनाको हेलिकोप्टरबाट पुऱ्याइएको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले जानकारी दिए।

जिल्ला सुरक्षा समिति र भौगोलिक व्यवस्थापन समितिको निर्णयअनुसार लिमीका तीन र चालाको एक मतदान केन्द्रमा हवाई माध्यमबाट जनशक्ति खटाइएको हो। लिमीअन्तर्गत हिमशिखर प्रावि तिल, सुनखानी प्रावि हल्जी र भृकुटी प्रावि जाङ मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता रहेका छन्। ती केन्द्रमा मतदान अधिकृतसहित १५ कर्मचारी र ५१ जना सुरक्षाकर्मी परिचालन गरिएको छ।

कर्मचारी र सामग्री ढुवानीका लागि नेपाली सेनाको हेलिकोप्टरले तीन उडान भरेको बताइएको छ। त्यस्तै, चालास्थित हिमालय आवि मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई पनि सेनाको सानो हेलिकोप्टरमार्फत पाँच चरणमा पुऱ्याइएको छ।

उक्त केन्द्रमा पाँच कर्मचारी, तीन जना नेपाल प्रहरी र १० जना निर्वाचन प्रहरी परिचालित छन्। तर कर्मचारी र सामग्री हवाईमार्गबाट पुऱ्याइए पनि स्थानीय मतदाता भने दुर्गम हिमाली बाटो हिँडेर पैदलै मतदान केन्द्रसम्म पुग्ने भएका छन्।

हवाई भाडा १४ हजार पुग्यो

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १८ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा नेपालगन्जदेखि सिमकोटसम्मको हवाई भाडा उल्लेखनीय रूपमा बढेको छ। सामान्यतया करिब नौ हजार रुपियाँ पर्ने टिकट अहिले १४ हजार रुपियाँसम्म पुगेको हो।

यात्रु चाप वृद्धि र सिमकोटबाट फर्कने यात्रु कम हुँदा निजी एयरलाइनहरूले चार्टर उडानमार्फत बढी भाडा लिएको बताएका छन्। आइतबार सिमकोट आइपुगेका यात्रु सोनाम तामाङका अनुसार उनी १४ हजार रुपियाँ तिरेर टिकट लिन बाध्य भएका हुन्।

चार दिनसम्म नेपालगन्जमा कुरेपछि मात्रै चार्टर उडानमार्फत हुम्ला आउन सम्भव भएको उनले बताए।

दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाइने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ फागुन

सरकारले निर्वाचनलाई मध्यनजर गर्दै पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाउने निर्णय गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यसका लागि सार्वजनिक बिदाका दिनमा समेत आयात-निर्यातसम्बन्धी कार्य सञ्चालन गर्ने निर्णय गरेको हो।

नियमित अनुगमन प्रक्रियालाई प्रभावकारी तुल्याई अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुन नदिने व्यवस्था मिलाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमले सार्वजनिक बिदाका दिनमा समेत बिक्री डिपोहरू खोल्ने व्यवस्था मिलाउने र सोको अग्रिम जानकारी सम्बन्धित सबैलाई दिने, इण्डियन आयल कर्पोरेशनसँग समन्वय गरी हाल भइरहेको आयात र वितरणलाई थप व्यवस्थित तुल्याउने जनाएको छ।

पेट्रोलियम पदार्थका बिक्रेताहरूबाट सवारीसाधनमा भर्नेबाहेक भण्डारण गर्ने प्रयोजनका लागि इन्धन उपलब्ध नगराउने, डिलर तथा बिक्रेताहरूको नियमित अनुगमन गरी मौज्दात विवरण सङ्कलन तथा अद्यावधिक गर्ने र पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति निरन्तर भइरहेको हुँदा अनावश्यक भण्डारण गरेर नराख्न सर्वसाधारण सबैलाई अनुरोध गर्ने मन्त्रालयले जनाएको छ।

Soil and Watershed Management Office

Birendranagar Surkhet, karnali province

Notice For Opening Of Financial Bid

Date Publication: 2082/11/19

1. In accordance to Rule 31 of public Procurement Regulation, this is hereby notified to all concerned bidders who bid as per our notice, the list of successful bidders in technical proposal have been listed below.

Contract No.	Contract Name	Bidders Name
SWMOSKT/WORK/ NCB/12-082/83	Implementation of Northen Watershed Master plan Birendranagar Surkhet, Karnali Province, Nepal	B&P –Divya And kalika,Birendranagar-2 Surkhet
		Sainamaina Aayush-J&J J/V,Sainmaina-7 Rupandehi

2. All Qualified Bidders in Technical bid opening are therefore, notified to send their authorized representative for financial bid opening on bids on 2082/11/26 at 13.00 hrs at Soil and Watershed Management office, Birendranagar Surkhet, Karnali provice Nepal.

वीरेन्द्रनगर नगपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं ।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं ।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं ।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं ।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो ।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो ।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने ।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने ।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने ।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने ।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने ।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं ।

खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)